# धर्मदेवी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

मुढेशनिश्चरे, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल

कोशी प्रदेश
पर्यटन वर्ष २०८२

प.सं. :- २०८२/८३
च.नं. :-

अन्तरक्रिया कार्यक्रममा सहभागिता सम्बन्धी सूचना ।

**सूचना प्रकाशित मितिः २०८२/८/२८**

जिल्ला प्रशासन कार्यालय, खाँदबारी, सङ्खुवासभाको आयोजनामा यस धर्मदेवी नगरपालिकाको कार्यालयमा मिति २०८२/८/२९ गते सोमबार, दिनको ११:०० बजे जिल्लामा विद्यमान शान्ति सुरक्षा, अपराध नियन्त्रण, सेवा प्रवाहको अवस्था तथा लागुऔषध दुरुपयोग नियन्त्रणका विषयमा सरोकारवालाहरूबीच आपसी छलफल, समन्वय र सहकार्यलाई थप प्रभावकारी बनाउने उद्देश्यले देहाय बमोजिम अन्तरक्रिया कार्यक्रम आयोजना गरिने भएको हुँदा उक्त कार्यक्रममा पालिकास्तरीय राजनीतिक दलका प्रतिनिधिहरू, पालिकास्तरीय सङ्घ–संस्थाका प्रतिनिधिहरू, विभिन्न युवा क्लबका प्रतिनिधिहरू, छेउछाउका विद्यालयका प्रधानाध्यापकज्यूहरू (पठन–पाठनमा बाधा नपर्ने गरी), नागरिक समाजका प्रतिनिधिहरू, उद्यमी, व्यापारी तथा व्यवसायीहरू, साथै स्थानीय सञ्चारकर्मी/पत्रकारहरूको सक्रिय सहभागिता अपेक्षित गरिएको छ। कार्यक्रममा सहभागी भई आफ्ना सुझाव, अनुभव तथा धारणा प्रस्तुत गर्न सकिने भएकाले सम्बन्धित सबै सरोकारवालाहरूलाई समयमै उपस्थित भई कार्यक्रमलाई सफल बनाउन हार्दिक अनुरोध छ।

तपसिलः

(क) शान्ति सुरक्षा, अपराध नियन्त्रण, सेवा प्रवाह सम्बन्धी सचेतनामूलक कार्यक्रम ।

(ख) सुरक्षा निकाय र स्थानीय तहसँगको समन्वय र सहकार्यमा लागुऔषध नियन्त्रण सम्बन्धी कार्यक्रम ।

२०८२/८/२८

प्रकाश गुरुङ्ग
प्रमुख प्रशासकीय अधिकृत

☎फोन नं. :०२९-४१४००६, ०२९-४१४००७, ०२९-४१४००८, gmail : dharmadevimun@gmail.com, website : www.dharmadevimun.gov.np

“कोशीको गौरव हिमालको शान, पर्यटन वर्षमा सबैलाई सम्मान”